# वीरगंज महानगरपालिका ई-बुलेटिन

बर्ष १, अंक- २९ २०७८ चैत १४ गते सोमबार/ नेपाल संवत् ११४१ / Monday, March – 28, 2021 पृष्ठ ४


## ८ महिनामा वीरगञ्ज महानगरको आन्तरिक आय ३९ करोड




वीरगञ्ज महानगरपालिकाले चालु आर्थिक वर्ष ०७८/७९ को फागुन महिनामा झण्डै साढे ३ करोड रुपैयाँ राजश्व संकलन गरेको छ ।

फागुन १ गतेदेखि ३० गतेसम्म ३ करोड ९० लाख ९६ हजार २ सय ४० रुपैयाँ ३० पैसा राजश्व संकलन गरेको हो ।

चालु आर्थिक वर्षको ८ महिनामा भने महानगरले ३९ करोड ४९ लाख ९८ हजार २ सय ९६ रुपैयाँ ५१ पैसा राजश्व संकलन गरेको छ । यो गत आर्थिक वर्ष ०७७/०७८ को तुलनामा ९ करोड ८४ लाख २ हजार ९ सय ७१ रुपैया ३२ पैसाले बढी हो । गत आवको ८ महिनामा महानगरपालिकाले २९ करोड ६५ लाख ९५ हजार ३ सय २५रुपैयाँ राजश्व संकलन गरेको थियो ।

महानगरपालिकाको राजश्व व्यवस्थापन महाशाखाका अनुसार चालु आर्थिक वर्षको फागुन मसान्तसम्म सम्पत्ति कर १२ करोड १४ लाख ७ हजार २ सय १ रुपैयाँ ८८ पैसा, भूमिकर/मालपोत ६७ लाख ७७ हजार ९ सय ९४ रुपैयाँ ९४ रुपैयाँ ७५ पैसा, घर जग्गा रजिष्ट्रेशन ६ करोड ८६ लाख ५४ हजार ६ सय ९४ रुपैयाँ ३० पैसा, घर बहाल कर ४ करोड ८२ लाख ७० हजार ७ सय ३५ रुपैयाँ ८८ पैसा, बहाल बिटौरी कर ९ लाख ४७ हजार ६ सय ४३ रुपैयाँ ४५ पैसा संकलन गरेको छ ।

सवारी साधनमा लाग्ने कर (साना) ६ लाख २६ हजार ५ सय ४० रुपैयाँ, पूर्वाधार सेवा उपयोगमा लाग्ने कर २० करोड ३६ लाख ८ हजार ६६ रुपैयाँ ६७ पैसा, विज्ञापन कर ४७ लाख २९ हजार ७ सय ८ रुपैयाँ, अन्य मनोरञ्जन कर २ लाख ०३ हजार १ सय ८८ रुपैयाँ २९ पैसा, व्यवसाय रजिष्ट्रेशन दस्तुर १ करोड २९ लाख ३५ हजार २ सय ६५ रुपैयाँ, अखेटोपहारमा लाग्ने कर १ करोड १२ लाख ६७ हजार ५ सय ८९ रुपैयाँ ९६ पैसा, सरकारी सम्पत्ति बहालबाट प्राप्त आय १ करोड ६० लाख ५३ हजार ८ सय ९५ रुपैयाँ १३ पैसा, अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने कर ७१ लाख ६ सय ६३ रुपैयाँ ७० पैसा, विद्युत सेवा शुल्क १ सय ८५ रुपैयाँ, अन्य सेवा शुल्क १ करोड ७६ लाख ३८ हजार ६ सय ६८ रुपैयाँ प्राप्त भएको छ ।

न्यायिक दस्तुर १३ हजार २ सय १५, परीक्षा शुल्क ४ लाख १७ हजार ३ सय ८० रुपैयाँ, अन्य प्रशासनिक सेवा शुल्क ४ लाख ५२ हजार २ सय ८५ रुपैयाँ, नक्सा पास दस्तुर ३ करोड ९३ लाख ६८ हजार १ सय ६४ रुपैयाँ १० पैसा, सिफारिश दस्तुर १ करोड २८ लाख ७० हजार ३ सय ६१ रुपैयाँ ७५ पैसा, व्यक्तिगत घटना दर्ता दस्तुर १७ लाख ६२ हजार ६ सय ३ रुपैयाँ, नाता प्रमाणित दस्तुर ७ लाख ३९ हजार ५ रुपैयाँ ८६ पैसा, अन्य दस्तुर ५२ हजार ५०, प्रशासनिक दण्ड जरिवाना वापत १६ लाख ५६ हजार ९१ रुपैयाँ ७६ पैसा र बेरुजु ५३ हजार ५ सय रुपैयाँ असुल भएको राजश्व व्यवस्थापन महाशाखाका अधिकृत पवन प्रधानले जानकारी दिए ।

चालु आर्थिक वर्षमा आन्तरिक आय ९५ करोड ४७ लाख ४ सय ७२ रुपैयाँ पुऱ्याउने लक्ष्य महानगरले राखेको छ ।

## वीरगञ्जमा विकासको बाटो बनिसकेको छ : नगर प्रमुख सरावगी



वीरगञ्जको विकासको एउटा खाका बानिसकेको छ । त्यसैलाई टेकेर अब आउने जनप्रतिनिधिले काम गर्न सक्छन् ।वीरगञ्ज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले वीरगञ्जको विकासमा कुनै कसर बाँकी नराखेको बताउँदै आएका छन् । संघ र प्रदेश सरकारले असहयोग गरेको र २ वर्ष कोरोना महामारी झेलेको वीरगञ्जमा धेरै विकासका काम भएको दावी उनले गर्दै आएका छन्। महानगरमा कमजोर आन्तरिक स्रोत, दक्ष कर्मचारीको अभावको जस्ता समस्या पनि आफूले झेलेको उनको भनाई छ। जनप्रतिनीधि नभएको २०/ २५ वर्षमा हुन नसकेको विकास आफूले साढे ४ वर्षमा गरेको दाबी नगर प्रमुख सरावगीको छ । प्रस्तुत छ, आर्थिक अभियानका लागि ओमप्रकाश खनालले महानगर प्रमुख विजयकुमार सरावगीसँग गरेको कुराकानी ।

**तपाईं २०/ २५ वर्षमा हुन नसकेको विकास साढे ४ वर्षमा गरें भन्नुहुन्छ। तर, वीरगञ्जका बासिन्दाले त यो कुरा पत्याइरहेका छैनन्, किन ?**

वीरगञ्जको अधिकांश क्षेत्र अहिले पनि ग्रामीण वडाको रूपमा रहेको छ। त्यस क्षेत्रलाई महानगरस्तरमा पुऱ्याउन धेरै काम भएको छ । त्यस्ता वडामा बढी प्राथमिकता दिइएकाले त्यस्तो लागेको हुन सक्छ । तर, विकासका धेरै काम भएका छन्। यो साढे ४ वर्षको अवधिमा वीरगञ्जको विकासमा ९ अर्ब रुपैयाँ खर्च भएको छ । यो कम होइन नि । २०/ २५ वर्षअघिको वीरगञ्ज र अहिलेको तुलना गरेर हेर्नुहोस्, निकै परिवर्तन देख्न सक्नुहुन्छ ।

**जनप्रतिनिधि आएर पनि जनताले अपेक्षा गरेअनुसार काम नभएको गुनासो सुनिन्छ । तपाईं भने निकै विकास भएको भन्नुहुन्छ । कुरा त बाझियो नि ?**

जनताको अपेक्षा बढी हुनु स्वाभाविक हो । २०/ २५ वर्षसम्म केही भएकै थिएन। प्रतिनिधि आएपछि अपेक्षा भइहाल्छ । जनताको प्रतिनिधि नभएको अवस्थामा वीरगञ्ज जर्जर भएर बसेको थियो। अति अव्यवस्थित भयो । जथाभावी प्लटिङ र बस्ती अस्तव्यस्त भयो । अहिले हेर्दा जहाँ पनि नाला र बाटो चाहिएको छ। अहिले पनि ५०० ठाउँमा लगानीको खाँचो पहिचान गर्न सकिन्छ । जनअपेक्षा बमोजिम विकासका लागि वीरगञ्जलाई १ खर्ब रुपैयाँ चाहिन्छ। पूर्ण महानगर बनाउन यति चाँडो हुँदैन। अहिले हुने खर्च भनेको वर्षमा १ अर्ब रुपैयाँजति होला । यसमा केन्द्र र प्रदेशले पनि काम गर्नुपर्दछ। स्थानीय तहमा ल्याउने विकासमा संघ र प्रदेशले हामीसँग समन्वय गर्दैनन् । व्यवस्थित शहरीकरणका लागि उनीहरूले पनि सहयोग गर्नु पर्दछ। उनीहरूले आफ्नै कार्यकर्तालाई काम दिने भए पनि कहाँ काम गर्ने, त्यो हामीसँग सोधेको भए हुन्थ्यो । तर, त्यो खालको समन्वय भएको छैन । अबका दिनका लागि वीरगञ्जको विकासमा अघि बढ्न हामीले बाटो बनाइदिएका छौं । त्यो बाटोमा विकासलाई गति दिएर हिँडाउने राम्रो चालक चाहिएको छ ।

**त्यो चालक तपाईं नै हुनुपर्दछ कि अरू कोही देख्नुभएको छ ?**

जनताले चाह्यो र पार्टीले टिकट दिए म आफै आउँछु। मजस्तो व्यापार छोडेर आएको मान्छे। व्यापारमै लागेको भए वर्षमा ४/ ५ करोड रुपैयाँ सजिलै कमाउन सक्थें, त्यो गुमाइरहेको छु। म पनि आरामले व्यापारमा पैसा कमाउन सक्थें होला। तर, वीरगञ्जलाई आउने पुस्ताका लागि राम्रो ठाउँ बनाउन, सफा, सुन्दर र हरेक दृष्टिले सुरक्षित वीरगञ्ज बनाउन म आएको हो। मभन्दा राम्रो मन्छे अगाडि आयो भने म पछि हटेर उसलाई सघाउँछु। विकासका काममा तहगत सरकारबीच ठीक ढंगले समन्वय भएको छैन । व्यवस्थित शहरीकरणका लागि प्रदेश र संघ सरकारले पनि सहयोग गर्नु पर्दछ।

**तपाईं संघ र प्रदेशले सहयोग गरेनन् भन्नुहुन्छ। कस्तो सहकार्य खोज्नुभएको थियो, के हुन सकेन ?**

विकासका काममा तहगत सरकारबीच ठीक तरिकाले समन्वय हुन सकेको छैन । प्रदेश र संघ सरकार आउने, काम गर्ने, अलपत्र पारेर हिँड्ने काम भएको छ । जस्तै, पदम रोडको हुलाकी

बांकी तेश्रो पेजमा

## मानव सेवा कार्यमा महानगरको अर्को उपलब्धी, आश्रमको भवन शिलान्यास

## अलपत्र बेसहारा मानव व्यवस्थापन तीनै तहको दायित्व हो : नगर प्रमुख सरावगी




वीरगञ्ज महानगरपालिकाले मानव सेवाका लागि विभिन्न कदम चाल्दै आएको छ। त्यसक्रममा एक पछि अर्को उपलब्धी पनि हाँसिल गर्दै गएको छ । सडक मानवमुक्त महानगर घोषित वीरगञ्जले मानव सेवा आश्रम शाखाको भाडा तिर्दै आएको छ ।

वीरगञ्ज(१५ लक्ष्मणवामा १८ का जग्गा मानव सेवा आश्रमका लागि उपलब्ध गराएको छ । २५ लाख रुपैयाँमा जग्गासम्म जाने बाटो खरिद गरेको छ भने बाटो निर्माणमा ५ लाख रुपैयाँ खर्च गरेको छ । त्यति मात्रै नभएर महानगरले भवन निर्माणका लागि २५ लाख रुपैयाँ बजेट छुट्याएको छ ।

शुक्रबार १८ करोडको लागतमा बन्ने मानव सेवा आश्रम वीरगञ्ज शाखाको भवनको शिलान्यास गरिएको छ । मुख्यमन्त्री लालबाबु राउत गद्दी, सांसद प्रदीप यादव र वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले संयुक्त रुपमा शिलान्यास गरेका हुन् ।

शिलान्यास गर्नुअघि आयोजित औपचारिक कार्यक्रममा बोल्दै मुख्यमन्त्री गद्दीले जग्गा नहुँदा भवनका लागि रकम छुट्याए पनि खर्च गर्न नपाएको बताए । 'आश्रमका लागि ३० लाख रुपैयाँ छुट्याएका थियौं, जमिन नभएकाले दिन सकेनौं,' उनले भने, 'भवन निर्माण गर्न, सञ्चालन गर्न कति खर्च लाग्छ, प्रदेश सरकारले के कस्तो सहयोग गर्नुपर्छ त्यसका लागि तयार छौं ।'

वीरगञ्जको नारायणी अस्पताल, नारायणी रंगशाला जस्ता संरचना सामुदायिक सहयोगले बनेको बताउँदै उनले मानव सेवा आश्रमको भवन बनाउन रकमको अभाव नहुने बताए। सांसद यादवले आगामी बजेटबाट मानव सेवा आश्रम भवनका लागि बजेट छुट्याउने बताए ।

महानगर प्रमुख सरावगीले सडकमा अलपत्र बेसहारा मानव व्यवस्थापन तीनै तहको दायित्व भएको बताए। उनले प्रदेश सरकारले महानगरलाई दिने १० करोड आश्रमका लागि नै दिइदिन मुख्यमन्त्रीसँग आग्रह गरे ।

तीन वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी भवन बनाउन लागिएको मानव सेवा आश्रमले जनाएको छ । रेम्ड अर्थ प्रविधिबाट भवन बनाउने तयारी गरिएको छ। गर्मी चिसो र जाडोमा न्यानो हुने भएकाले रेम्ड अर्थ प्रविधिबाट भवन बनाउन लागिएको आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले जानकारी दिए ।

श्रृंखला खतिवडाले सञ्चालन गरेको गाथाले भवनको डिजाइन गरेको थियो । मानव सेवा आश्रम शाखाका लागि १८ का जमिन र २५ लाख रुपैयाँ पनि दिइएको थियो ।

भोजपुरी कला सँस्कृति झल्कने, वातावरण सुहाउँदो, भूकम्प प्रतिरोधी र वास्तु शास्त्र मिलाएर भवन बनाउने इन्जिनियरहरुले बताएका छन् । १४ का जमिनमा भान्छा घर, तालिम हल, सहयोगापेक्षीलाई राख्ने कोठाहरु, हेरचाहमा खट्नेहरुका लागि आवास र आश्रममा आउने पाहुनाका लागि अतिथि गृह समेत बनाउने उनीह रुले बताएका छन् ।

मानव सेवा आश्रमको १३ जिल्लामा आफ्नै भवन बनिसकेको छ । मानव सेवा आश्रमले वि.सं. २०८० भित्रमा आश्रम शाखाहरुको भवन बनाइसक्ने, वि.सं.२०८१ सम्म जनचेतना फैलाउने र वि.सं. २०८२ बैशाख १ गते औपचारिक रुपमा सडक मानवमुक्त नेपाल घोषणा गर्ने लक्ष्य लिएको छ । ०७४ जेठ १५ गते स्थापना भएको मानव सेवा आश्रम वीरगञ्ज शाखामा ६ जना बालबालिका सहित ६२ जना आश्रित छन् ।सडकमा अलपत्र परेका बेसाहारा सहयोगापेक्षी मानिसलाई आश्रमले गाँस, बास र कपाससँगै औषधि उपचारको व्यवस्था गर्नुको साथै पारिवारिक पुनर्मिलन गराउँदै आएको मानव सेवा आश्रमको संरक्षक प्रकाश थारुले जानकारी दिए ।

## सम्पादकीय

# आन्तरिक आय बढाउन हातेमालो

महानगर घोषणा हुन आन्तरिक आय कम्तीमा १ अर्ब रुपैयाँ हुनुपर्छ। वीरगञ्ज महानगरपालिका हुँदा आम्दानी निकै कम थियो। वीरगञ्ज महानगर त घोषणा भयो। तर अर्थ व्यवस्था बलियो थिएन। आन्तरिक आय कमजोर हुने वित्तिकै नगरको विकासमा संघ र प्रदेश सरकारले दिने अनुदानको मात्रै भर पर्नुपर्ने हुन्छ। फेरि पछि थपिएका वडाहरुले नगरपालिकालाई कर नतिर्ने भए। यसले गर्दा महानगरको आम्दानी खासै माथि उठ्न नसकेको अवस्था थियो। हुन त अहिलेपनि महानगरको आम्दानी १ अर्ब पुग्ने नपुग्ने निश्चित छैन। हामी नगरबासीको साथ र सहयोगले मात्रै महानगरको आम्दानी बढ्ने हो। सबैले व्यवसाय दर्ता गर्ने, घरको नक्सा पास गरेर मात्रै बनाउने, व्यवसाय कर, घर जग्गा कर ईमान्दारी पूर्वक तिर्ने हो भने महानगरको आम्दानी बढ्छ। अर्को आयको स्रोत भनेको सार्वजनिक सम्पत्ति हो। घडिअर्वा पोखरी, नगर सभा गृह, बाल मन्दिर, बसपार्क, विभिन्न पोखरीहरु ठेक्कामा लगाएर महानगरले आम्दानी लिईरहेको छ। सरसफाईमा निजी क्षेत्रलाई सहभागी गराएर, ल्याण्ड फिल साईट ठेक्कामा दिएर पैसा कमाउँदै आएको छ।

नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन, कानुन बनाएर राजश्व लिन सक्ने व्यवस्था छ। योजनावद्ध ढंगले काम अघि बढाएर त्यसबाट लाभ लिन सकिन्छ। पछिल्लो पटक वीरगञ्जको आदर्शनगर स्थित पुरानो बसपार्क ठेक्का लागेको छ। गणपति निर्माण सेवाले पाँच वर्षका लागि ठेक्का लिएको हो। ७० लाख ४२ हजार ८ सय ३८ रुपैयामा ठेक्का लागेको छ। यसको अर्थ ५ वर्षमा उक्त कम्पनीले महानगरलाई रकम बुझाउनुपर्ने हुन्छ। वर्षभरी किस्ता किस्तामा बुझाउने रकम महानगरको आन्तरिक आम्दानीमा गएर जोडिन्छ। पुरानो बसपार्कको खाली जग्गामा सवारी पार्किङ, पसल शौचालय व्यवस्थापन एवं सञ्चालन गर्नका लागि ठेक्कामा लगाईएको हो। खाली जग्गामा फुड स्टलहरु निर्माण गर्ने, फुल तथा विरुवा रोपेर आकर्षक बगैचा बनाउने र हरियाली वातावरण बनाउने गरि काम भईरहेको छ। उत्तर, पूर्व र दक्षिण साईडमा स्टल राख्ने र बीचमा चारपांग्रे साना गाडी तथा मोटरसाईकल पार्किङको व्यवस्था मिलाईन्छ। ९१ वटा फुड स्टलहरु तयार हुन्छन्। हरेक तीन वटा स्टल पछि आकर्षक बस्ने ठाउँ बनाईनेछ। स्वच्छ खानेपानी र शौचालयको प्रवन्ध पनि हुनेछ। स्टलहरु तयार भईसकेपछि स्ट्रिट फुडलाई आदर्शनगरमा लगेर राख्ने सोच महानगरको छ।

नगरको आम्दानी बढ्नु हामी सबैका लागि राम्रो कुरा हो। आन्तरिक आम्दानी बलियो हुँदा नगरले विकासका थप योजना कार्यान्वयन गर्न सक्छ। हामीकहाँ कुनै राम्रो कामको थालनी गर्न खोज्दा पनि विरोध गर्ने बानी छ। तत्कालका लागि, आफ्नो स्वार्थमा रहेर सोच्ने बानी राम्रो हुँदैन। दिर्घकालका लागि महानगरले राम्रो योजना तथा कार्यक्रम ल्याउँदा नगरबासीले साथ दिनुपर्छ।

तब मात्रै नगरको विकास संभव हुन्छ। महानगरपालिका भनेको परिवार हो, हामी परिवारका सदस्य हौं। भन्ने भावना सबैमा हुनुपर्छ। हामीले तिरेको कर नेता र कर्मचारीको सुविधाका लागि मात्रै हैन, हामीलाई महानगरबाट दिने सेवा सञ्चालन र टोलमा भएको, हुन गईरहेको विकासका कामका लागि पनि हो। नगरबासी र नगरपालिकाको संयुक्त प्रयासले नगरले काँचुली फेर्न सक्छ।

# अमृत समान आमाको दूध: शिशुको पहिलो खाना

## नवजातलाई शिशु जन्मिएको एक घण्टाभित्र नै आमाको दूध किन खुवाउनु पर्दछ ?

युनिसेफ नेपाल

शिशुले जन्मेको छ महिनासम्म पूर्ण स्तनपान गर्न पाउनु उसको अधिकार हो। आफ्नो सन्तानलाई स्तनपान गराउन पाउने अधिकार प्रत्येक आमालाई छ। परिवार र राज्यले आमा र शिशुको हक सुनिश्चित गर्नु पर्दछ। आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ तथा नियमावली, २०५१ ले स्तनपानको संरक्षण र सम्वर्द्धन तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत बाल आहारको बिक्री वितरणलाई नियमन गरी बच्चाहरुको लागि सुरक्षित एवं पर्याप्त पोषणको व्यवस्था गर्न दिशानिर्देशन गर्दछ। यस ऐन अनुसार आमाको दूधको विकल्पमा अनाधिकृत रुपमा अन्य दूध बेचविखन गर्न नपाइने उल्लेख गरीएको छ यसैले अनिवार्य रुपमा आमाको दुध नै खुवाउनु पर्ने हुन्छ ।नवजात शिशु जन्मिएको एक घण्टाभित्र नै आमाको पहिलो पहेँलो ( बिगौती) दूध खुवाउनुपर्दछ ।पहेँलो दूधले खोप सरह शिशुलाई रोगबाट बचाउँछ। साथै रोगसँग लड्न सक्ने क्षमता बढाउँछ।

शिशुको आवश्यकता अनुसार एक दिनमा ८ देखि १२ पटक (२४ घण्टा दिन र रात) स्तनपान गराउनु पर्दछ। आमाको दूधमा सम्पूर्ण पौष्टिक तत्वहरू र शिशुलाई पुग्ने पानीको मात्रा हुने भएकोले पानी पनि खुवाउनुपर्दैन। बच्चा कम्तिमा दुई वर्ष नपुगुन्जेल नियमित रुपले अन्य खानाको साथै आमाको दूध नै खुवाइ रहनुपर्छ।

सुत्केरी आमाले हरेक दिन विभिन्न प्रकारका खाना (अन्न, गेडागुडी, हरिया सागपात, तरकारी तथा फलफूल, पशुपंक्षीजन्य खानेकुरा) खानुपर्छ। सुत्केरीले गाह्रो काम गर्नु हुँदैन र धुम्रपान तथा मद्यपान गर्नु हुँदैन।

शिशुले आमाको भावना बुझ्ने हुनाले शिशुको संवेगमा नकारात्मक असर पर्दछ।

स्तनपान गराउँदा तनावमा, दुःखी मनले, दिक्क मान्दै, रिसाउँदै, गाली गर्दै खुवाउनु हुँदैन। यसो गर्दा दूध कम



आउँछ। त्यसैले स्तनपान गराउँदा बालबालिकासँग कुराकानी गर्ने, गीत सुनाउने, मुस्कुराउने गरेमा बालबालिकामा सकारात्मक संवेगको विकास हुन्छ।

### स्तनपान गराउँदा ध्यान दिनुपर्ने कुराहरू:

स्तनपान गराउनु अघिपछि स्तन सफा गर्नुपर्छ, हात धुनु पर्दछ। सफा र खुकुलो लुगा लगाउनु पर्दछ। आमाले स्तनलाई ऋ (अंग्रेजी अक्षरको सी आकार) आकारमा समात्नु पर्दछ। बुढी औंला स्तनको मुन्टो वरिपरिको कालो भागमाथि हुनुपर्दछ र अरु औंला स्तनको तलपट्टि हुनुपर्छ।

शिशुलाई काखमा राख्ने र शिशुको टाउको अलिकति ढल्काइ दूध चुसाउनु पर्दछ। स्तनपान गराउँदा एकापट्टिको दूध पूर्ण खाली हुनेगरी दूध खुवाउनु पर्दछ। त्यसपछि अर्कोपट्टिको स्तनपान गराउनु पर्दछ। शिशुले जति दूध चुस्छ त्यति नै बढी मात्रामा दूध रसाउँछ।

दूध खुवाइसकेपछि शिशुलाई काँधमा अडेस लगाएर पिठ्यूँमा मुसारी डकार्न लगाउनुपर्छ। यसले गर्दा शिशुले स्तनपान गर्ने बित्तिकै वान्ता गर्दैन।

सुत्केरी आमाले ज्वानो (अजवाइन) को झोलसहित थप पोसिलो खाना खानु पर्दछ, जस्तैः दाल, गेडागुडी, दूध र अन्य तरल खानेकुरा बढी खानुपर्छ।

सुत्केरी भएको ४२ दिन भित्र भिटामिन ए क्याप्सुल एक मात्रा खानु पर्छ। भिटामिन ए क्याप्सुल नजिकैको स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वयमसेविकाबाट निःशुल्क उपलब्ध हुन्छ। सुत्केरी भएको ४५ दिनसम्म नियमित रुपले आइरन फोलिक एसिड चक्की सेवन गर्ने र दुई बालबालिकासहितको लोगो भएको आयोडिनयुक्त नुन हाली बनाइएको खाना खानु पर्दछ ।दूध नआउने, बच्चाले दूध खान नमान्ने, स्तनका मुन्टामा घाउ भएमा स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वयमसेविकालाई सम्पर्क गर्नु पर्दछ।

एचआइभी सङ्क्रमित आमाले पनि छ महिनासम्म आफ्नो शिशुलाई स्तनपान गराउनुपर्छ। त्यसपछि शिशुलाई आमाको दूधसँग पूरक खाना पनि दिनुपर्छ। तर एचआइभी सङ्क्रमित आमाको स्तनका मुन्टा चर्किएका छन् वा रगत बगिरहेको छ भने स्तनपान गराउनु हुन्न। साथै नजिकको स्वास्थ संस्थामा सम्पर्क गरी आवश्यक उपचार र सरसल्लाह गर्नुपर्छ।

नवजातलाई शिशु जन्मिएको एक घण्टाभित्र नै आमाको दूध किन खुवाउनुपर्दछ ?

### बालबालिकाको लागि स्तनपानको महत्व:

आमाको दूध बालबालिकाको लागि अमृत समान हो। यसले बालबालिकाको जीवन रक्षा गर्छ।

यो सधैँ सफा र सुरक्षित हुन्छ।

यसमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी (८७%) र खनिज तत्वहरु हुन्छ ।यसमा झाडापखाला तथा श्वास प्रश्वास सम्बन्धी संक्रमणहरु विरुद्ध लड्ने प्रतिरोधात्मक तत्वहरु रहेको हुन्छ ।यो संधै तयारी अवस्थामा र उपयुक्त तापक्रममा उपलब्ध हुन्छ।

बालबालिकाको लागि यो पूर्ण खाना हो। यसमा बालबालिकालाई ६ महिना पूरा नभएसम्म आवश्यक पर्ने सम्पूर्ण पोषक तत्वहरु प्रर्याप्त मात्रामा हुन्छ। यसले बालबालिकाको उपयुक्त वृद्धि तथा विकास हुन मद्दत गर्छ।

यो बालबालिकाले सजिलै पचाउन सक्छ। यसमा रहेका पोषक तत्वहरु शरीरले राम्ररी सोस्न सक्छ। यसले एलर्जी विरुद्ध रक्षा गर्छ। दूधमा रहेको प्रतिरोधात्मक तत्वले बालबालिकाको आन्द्राको रक्षा गर्छ र हानिकारक तत्वहरुलाई रगतसम्म पुग्न दिदैन। यसले गिजा र दाँतको विकास गर्न सहयोग गर्छ तथा दूध चुसाइले अनुहारको मांशपेशिकाको विकास गर्न सहयोग गर्छ ।आमासँग पटक(पटक टाँसेर राख्ने गरेमा स्नेहपूर्ण सम्बन्ध हुन्छ जसले बालबालिकाको मानसिक, शारीरिक तथा सामाजिक विकास गर्न पनि सहयोग गर्छ। ६ महिना पछि पनि शिशुको पोषणको धेरै आवश्यकता पूरा गर्छ।

### आमाको लागि स्तनपानको महत्वः

बालबालिका जन्मने बित्तिकै आमाको दूध चुसायो भने सालनाल छिटै बाहिर निस्कन्छ किनभने बालबालिकाले दूध चुस्दा पैदा हुने उत्तेजनाले पाठेघर खुम्चन्छ र बालबालिका जन्माएपछि बढि रगत बग्ने खतरालाई घटाउँदछ ।बालबालिका जन्मने वित्तिकै उसलाई आमाको दूध चुसाएमा स्तनबाट धेरै दूध आउन सहयोग गर्छ। तुरुन्तै र पटक पटक दूध चुसाउनाले स्तन गानिनबाट रोकथाम हुन्छ।

आमाको कामको भारलाई घटाउँदछ। पानी उमाल्न इन्धन जुटाउने, दूध बनाउने आदि काम गर्नु पर्दैन। आमाको दूध जुनसुकै बेला र जहाँ पनि खुवाउन सकिन्छ। यो सधैं सफा, पोषिलो र ठीक तापक्रमको हुन्छ। यो कम खर्चिलो हुन्छ।

आमा र बालबालिका बीचको माया ममता बढ्छ। बालबालिकाले आफुलाई सुरक्षित महसुश गर्छ।

महिलालाई हुने स्तन र पाठेघर सम्बन्धी क्यान्सरको खतरालाई घटाउँदछ।

महिनाबारी नफर्किएको अवस्था तथा बालबालिका जन्मेको पहिलो ६ महिनासम्म प्रभावकारी पूर्ण स्तनपान गराएमा (९८%) गर्भ निरोधकको रुपमा काम गर्छ।

# के हो क्षयरोग ?

क्षयरोग माइकोब्याक्टीरीयम ट्युबरक्युलोसिस नामक जीवाणुका कारण लाग्ने रोग हो। यो उक्त जीवाणुबाट प्रभावित मानिसले खोक्दा वा हाछ्युँ गर्दा निस्किने साना कणबाट अरू मानिसमा सर्ने सम्भावना उच्च रहन्छ।

"संक्रमितमार्फत् जीवाणुहरू वातावरणमा निस्कन्छन्। त्यहीँ रहेका निरोगीहरूले सास फेर्दा त्यो उनीहरूको शरीरमा प्रवेश गर्छ," डा. शाहले भने। त्यसरी प्रवेश गरेको जीवाणुले फोक्सोलाई प्रभावित पार्ने र त्यहीँमार्फत विभिन्न अङ्गमा फैलने उनले बताए।

**के हुन् यसका लक्षण ?**

क्षयरोग लागेका मानिसहरूमा शारीरिक कमजोरी अत्यधिक देखिने चिकित्सकहरू बताउँछन्। शरीरको तौल अप्रत्याशित घट्नु, लगातार तीन सातासम्म खोकी लाग्नु, खकार निस्कनु र त्यसमा रगत देखिनु अन्य लक्षण भएको राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका वरिष्ठ छाती रोग विशेषज्ञ डा. नवीन प्रकाश शाहले बताए। उनले भने,"बिरामीमा हल्का किसिमको ज्वरो पनि देखिन्छ। क्षयरोगको बिरामीलाई प्राय साँझपख ज्वरो आउँछ।"

त्यस्तै शरीरबाट रातको समयमा धेरै पसिना बग्नु, मुख सुख्खा हुनु, अरुचि बढ्नु अन्य लक्षण भएको बताए।

यस्ता लक्षण देखिएका वा क्षयरोग पुष्टि भएका मानिसहरूले अनिवार्य मास्क लगाउने, भिडभाडमा नजाने गरे क्षयरोग सर्नबाट रोकिने सुझाव उनी दिन्छन्।

"उनीहरूको वरपर रहनेले पनि मास्क लगाउने वा धेरै नजिक नजाने गरे संक्रमण नियन्त्रण सम्भव छ। यसको अर्थ बिरामी आइसोलेशनमै बस्नु पर्छ भन्ने हो," शाह भन्छन्।

उनका अनुसार कोभिड(१९ महामारी रोकथामका लागि अधिकांश मानिसले मास्क प्रयोग गर्न थालेदेखि क्षयरोगका बिरामीहरूको संख्यामा केही कमी आएको छ।

**तथ्याङ्कले के देखाउँछ ?**

नेपाल सरकारले २०७५/७६ मा पहिलो पटक गरेको क्षयरोग प्रेभलेन्स सर्वेक्षणको नतिजाले नेपालमा वार्षिक ६९,००० नयाँ क्षयरोगी थपिने देखाएको थियो।

नाटाको तथ्याङ्क अनुसार उक्त संख्या वार्षिक रूपमा घट्दै गएको छ। यस वर्ष देशभर २८ हजार ६ सय ७७ जनामा संक्रमण पत्ता लागेको छ। तीमध्ये ५० प्रतिशत बिरामी ६ महिना नियमित औषधि सेवनपछि निको हुन्छन्।

यस वर्ष क्षयरोगकै कारण मृत्यु हुनेको सङ्ख्या १ हजार ५०० को हाराहारीमा रहेको छ। डा. शाहका अनुसार देशका ५० प्रतिशत मानिसको शरीरमा टीबीको जीवाणु हुन्छ। तर सबैलाई रोग लाग्दैन। "रोग ती मानिसलाई लाग्छ जसको रोग प्रतिरोधी क्षमता कम छ," उनले भने।

"उक्त जीवाणु भएका मानिस जसको रोगसँग लड्ने कमजोर हुन्छ उनीहरूलाई रोग लाग्न नदिन विभिन्न थेरापी गराउन सकिन्छ।"

विश्व स्वास्थ्य संगठनले पनि विश्वको लगभग एक चौथाई जनसङ्ख्या नदेखिने गरी क्षयरोगबाट संक्रमित भएको जनाएको छ। उनीहरूमा क्षयरोगको जीवाणु निष्क्रिय रूपमा छ, तर उनीहरू रोगी भएका वा अरूलाई संक्रमित गरिरहेका छैनन्।

क्षयरोगको जीवाणु निष्क्रिय रूपमा रहेका मानिसहरूको जीवनमा क्षयरोग हुने खतरा पाँचदेखि १० प्रतिशतसम्म हुन्छ।

नेपालमा बागमती प्रदेश, प्रदेश २ र गण्डकी प्रदेशमा क्षयरोगीहरूको संख्या उच्च देखिएको बताइन्छ। "जनसंख्या धेरै हुनु र परीक्षणको पहुँच सहज हुनुले ती ठाउँमा धेरै रोगी पहिचान भएको हुनसक्छ," डा. शाहले भने। पाँच वर्ष मुनिका बालबालिकालाई मास्क लगाइदिँदा ख्याल गर्नुपर्ने कुरा यस्ता छन्।

**कति मानिस ठीक हुन्छन ?**

विशेष गरी बालबालिका, वृद्ध वृद्धा, दीर्घ रोगी, एचआइभी एड्स भएकाहरूमा यो रोगको जोखिम समूहमा रहेको चिकित्सकहरू बताउँछन्। रोग पहिचान भई नियमित औषधि सेवन गर्नेहरूमध्ये ९१ प्रतिशत रोगमुक्त हुन्छन्। बीचमा औषधि छुटाउनेहरू, नियमित चिकित्सकको सम्पर्कमा नआउने र औषधिको मात्रा नमिलेकाहरूको मात्र उपचार सफल नहुने बताइन्छ। डीआर टीबी भएकाहरूमा भने रोगमुक्त हुने दर ७३ प्रतिशत रहेको छ।

बीसीजी खोपले औषधिले नछुने कडा प्रकृतिको क्षयरोग हुनबाट जोगाउने चिकित्सकहरूको दाबी छ।

बांकी चौथो पेजमा

## वीरगञ्जमा.......

राजमार्ग हेर्नुहोस्, त्यहाँ न नाला चलेको छ, न ढल सञ्चालनमा छ । त्यसले गर्दा हामीलाई गाह्रो भएको छ । कुनै पनि योजना ल्याउँदा हामीसँग सहकार्य हुनुपर्ने हो, त्यो हुन सकेन । लक्ष्मनवाको कृषिमण्डीको त्यस्तै बेहाल छ । त्यसमा ५० लाख रुपैयाँ खर्च भएको छ । आज त्यो ठाउँ दुर्व्यसनीको अखडाजस्तो भएको छ । ठाउँ( ठाउँमा धर्मशाला बनेका छन् । त्यसको स्वामित्व र संरक्षणको जिम्मा कसले लिने ? २/४ लाख रुपैयाँका योजनामा पनि संघ र प्रदेश आफै अगाडि आएका छन् । पानीको धारा बाँड्न पनि आइपुग्छन् । त्यो त स्थानीय सरकारलाई पठाउनु पर्छ नि । अझै पनि केन्द्रीकृत र कार्यकर्ता पाल्ने मानसिकता गएको छैन । यसले स्थानीय सरकारलाई गाह्रो भएको छ । कहिलेकाँही एकै ठाउँमा दोहोरो तेहोरो योजना परेको छ । तहगत सरकारबीच सहकार्य नहुँदा त्यस्ता पूर्वाधारको प्रतिफल आउन सकेको छैन । आउँदा दिनमा यस्ता विषयमा सोच्नु आवश्यक छ । स्रोत र समन्वयको समस्याले सोचेजस्तो काम गर्न सकिएन । यसकारण यस्ता काम गर्दा कम्तीमा हामीसँग सम्झौता गर्नुपर्ने थियो ।

**वीरगञ्ज महानगरको प्रमुखमा निर्वाचित भएपछि तपाईंले गरेका मुख्य कामहरू चाहिं के ( के हुन् त ?**

शहरीकरणमा एशियाली विकास बैंक ( एडीबी) को योजना पूरा भयो । फोहोरमैला व्यवस्थापनको काममा ठूलो अपलब्धि भएको छ । यसअघि शंकराचार्य गेटमा हुने फोहोर विसर्जन अब महानगरको ल्याण्डफिल साइटमा भइरहेको छ । तर, पनि जनताले जहाँ पायो, त्यहीं फाहोर फालेर असहयोग गरेका छन् । जनताले सहयोग गरेको भए अझ राम्रो गर्न सकिने थियो । अस्पतालजन्य फोहोर व्यवस्थापनका लागि बेग्लै 'ग्रिन हस्पिटल वेस्ट म्यानेजमेन्ट प्लान्ट' बनेको छ । शिक्षामा धेरै राम्रो काम भएको छ । कक्षाकोठाको अभाव भयो । यसमा बजेट केन्द्रबाट आउनुपर्ने भएकाले समस्या भयो । त्यसमा पनि सकभर हामीले बनायौं । शिक्षामा आधुनिकीकरणको काम भयो । विद्यालयमा छात्राका संख्या बढेको छ । जो विद्यालय बाहिर थिए, उनीहरू विद्यालय आए । जो विद्यालय आएनन्, उनीहरूलाई समुदायमै गएर पठाउने काम गरेका छौं । स्वास्थ्य सेवातर्फ पहिले २२ ओटा मात्र स्वास्थ्य चौकी थिए । अहिले ३२ ओटै वडामा स्वास्थ्यचौकी खोलेका छौं । तीनओटा बर्थिङ सेन्टर खोल्यौं । पाँचओटा छिट्टै खोल्दै छौं । ग्रामीण वडाका गर्भवती महिलाले घरमै बच्चा जन्माउनुपर्ने बाध्यता अन्त्य भएको छ । स्वास्थ्य चौकीमा आएका गर्भवती र सुत्केरीलाई पौष्टिक आहार दियौं । कम तौलका बच्चाका लागि पोषणयुक्त पीठो दिएका छौं । हामीले वृद्धवृद्धा, गर्भवती, सुत्केरी महिलालाई लक्षित गरेर 'मेयर घरदैलौं स्वास्थ्य कार्यक्रम' चलायौं । घरदैलोमै उच्च रक्तचाप, मधुमेहको परीक्षण गराएर निःशुल्क उपचार र औषधि दिन्छौं । कोरोना महामारी नभएको भए यो धेरै अघि नै शुरू हुन्थ्यो । स्वास्थ्य सेवामा सुधार आएकाले वीरगञ्जको नारायणी अस्पतालको ओपीडीमा दैनिक १२ सय बिरामी आउनेमा अहिले दैनिक ६ सयमा झरेको छ । वीरगञ्ज महानगरलाई 'पूर्ण खोप महानगर' घोषणा गरेका छौं । उज्यालो वीरगञ्ज अभियान अन्तर्गत २४ करोडको लागतमा १४ हजार एलईडी लाइट लगाउने काम भइरहेको छ । यो चाँडै पूरा हुन्छ । २०० किलामिटर कालोपत्र, ढलान र ग्राभेल सडक निर्माण भएको छ । सानाठूला १५० ओटा नाला बनायौं । थुप्रै कल्भर्ट निर्माण भएका छन् । वर्षेनि भेडाहा खोलाका कारण वीरगञ्ज डुबानमा पर्ने अवस्था छ । भेडाहाको बाढीका कारण पाँच वडामा बढी समस्या थियो । यसका लागि ४१ करोडको योजना ल्याएको छु । अत्याधुनिक बसपार्क र पार्किङको व्यवस्था भएको छ । ६ हजार वृद्धवृद्धा र असहायलाई जाडोमा कम्बल, विपन्न परिवारलाई २ हजार चापकल र १५ सय ग्यास तथा चूलो बाँडेका छौं । महिला सशक्तीकरण र रोजगारीका लागि ५ हजार जनालाई तालीम दिएर रोजगारी दिएका छौं ।

**गर्न नसकेका कामहरू चाहिं के ( के हुन् जस्तो लाग्छ ?**

गर्नुपर्ने थुप्रै काम हुन्छन् । ती चुनावको बेला भनेर पनि आएको हुन्छ । हामी आउँदा महानगर ३६ करोड रुपैयाँ ऋणमा थियो । कर्मचारीको अभाव थियो । अहिले पनि सातौं तहको इन्जिनियरबाट काम गराएका छौं । जब कि यसमा उपसचिव तहको जनशक्ति चाहिन्छ । शहरीकरणका लागि 'टाउन प्लानर' चाहिन्छ, तर हामीसँग केही छैन । वीरगञ्जको शहरीकरणको खाका बनाउन शहरी विकास मन्त्रालयमा पत्र लेख्दा पनि मद्दत पाइएन । यातायात र भूमि उपयोगको योजना बनाएको छु । आवधिक योजना बनाइएको छ । वीरगञ्जको विकासको एउटा खाका बानिसकेको छ । त्यसैलाई टेकेर अब आउने जनप्रतिनिधिले काम गर्न सक्छन् । म आए पनि नआए पनि भोलि जो आउँछ, उसलाई म सघाउँछु । वीरगञ्जलाई सुन्दर शहर बनाउने आशा र आवश्यकता छ । हामीले यहाँका सबै बासिन्दालाई सबैखालको सुविधा दिनुपर्दछ । अब पुरानो वीरगञ्जमा मात्र यो सम्भव छैन । एकीकृत भन्सार जाँचचौकी (आईसीपी) र सुक्खा बन्दरगाह (ड्राइपोर्ट) बीचको जग्गालाई जोडेर नयाँ वीरगञ्ज बनाउनु पर्दछ । नयाँ ठाउँमा व्यवस्थित पूर्वाधार लैजानु पर्दछ । ट्रान्सपोर्ट नगरको काम हुन सकेको छैन, जुन अति आवश्यक छ । आईसीपी र ड्राइपोर्टबीचको ६२ बिगाहा जग्गामा यो बनाउनु पर्दछ । त्यसका लागि पनि प्रस्ताव लैजाँदै छौं । वीरगञ्जका लागि गर्नुपर्ने थुप्रै काम छन् । नारायणी अस्पताल व्यवस्थित भए पनि नयाँ पूर्वाधारमा ३ वर्षदेखि काम हुन सकेको छैन । घर( घरमै स्वास्थ्य उपचार पाउने व्यवस्था दिनु पर्दछ । स्वास्थ्यका लागि स्वच्छ वातावरण चाहिन्छ । मैले हरियाली वीरगञ्जको ३ करोड ३० लाखको योजना ल्याएको थिएँ । टेन्डर पनि भयो तर, संघ सरकारले बजेट निकासा नगर्दा काम अघि बढ्न सकेन ।

**कोरोना महामारीमा वीरगञ्जमा अपनाइएको नियन्त्रण मोडेल निकै चर्चामा थियो । कसरी काम गर्नुभयो ?**

कोभिडको बेलामा वीरगञ्जले देशलाई नै उदाहरण दियो । हामीले कोरोना नियन्त्रणका लागि आफ्नो स्रोतबाट १२ करोड रुपैयाँ खर्च गऱ्यौं । वीरगञ्जमात्र होइन, समग्र पर्सा र महोत्तरीसम्मका संक्रमितलाई उपचार गऱ्यौं । २ वर्षदेखि सिमानामा हेल्थ डेस्क सञ्चालन गरेका छौं । कोरोना महामारी उत्कर्षमा पुग्दा सिमानामा परीक्षण र संक्रमितको पहिचानमा यसले निकै राम्रो काम गरेको छ । फेला परेकामध्ये ८० प्रतिशत भारतीय हुन्थे । उनीहरूलाई उतै फर्काउने र नेपालका संक्रमितलाई सुरक्षित आइसोलेसनमा पठाउने काम भयो । घरघरमा पुगेर कोरोना परीक्षण गर्ने काम भयो । 'एक घर एक पीसीआर परीक्षण' को अवधारणा मैले नै ल्याएको हुँ । वीरगञ्ज पीसीआर मशिन ल्याउने पहिलो महानगर हो । अहिले त्यसबाट नारायणी अस्पतालमा परीक्षण हुन्छ । त्यसमा यहाँका व्यापारीले सहयोग गरे । त्यतिबेला प्रमुख जिल्ला अधिकारी र राजनीतिक असहयोगका कारण 'एक घर एक पीसीआर' अभियान अवरुद्ध भयो । हामीले २० हजारभन्दा बढी परीक्षण गरेका थियौं । खोप कार्यक्रम सफलतापूर्वक गरेका छौं ।

**महानगरमा जनशक्तिको अभाव छ भनिन्छ, आपूर्ति किन नभएको हो ?**

सोचेजति काम नहुनुमा जनशक्तिको अभाव पनि एउटा मुख्य कारण हो । हामी आउँदा महानगरको आन्तरिक आय १७ करोड रुपैयाँ थियो । अहिले ४५ करोड पुऱ्याएका छौं । वडामा कर्मचारी छैनन् । एउटा सचिवले तीन वडा हेर्नुपरेको छ । अब हरेक वडालाई अनलाइनबाट काम गर्ने पूर्वाधार बनाउन लागेका छौं । अब सेवाग्राही महानगरमा धाउनु पर्दैन । १ हजार वर्गफीटसम्मको नक्सा वडाबाटै पास गर्ने व्यवस्था मिलाउँछौं । हामी निर्णय गर्छौं, तर जसोतसो साधनस्रोत जुटाए पनि काम गर्ने मानिस छैन । लोकसेवाले जनशक्ति दिन्छ भनेको छ, तर आजसम्म आपूर्ति गरेको छैन । महानगरको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐनमा तोकेको छ । तर, त्यो हाम्रो स्रोतसाधनबाट मात्र सम्भव हुँदैन । त्यसका लागि पनि संघ, प्रदेश र विकास साझेदारको सहयोग चाहिन्छ । यसमा समन्वय हुन सकेको छैन । अहिले पनि जो मन्त्री छ, उसले आफ्नो क्षेत्रमा साधनस्रोत लैजाने परिपाटी छ ।

**तपाईंले सुशासनको कुरा निकै उठाउने गर्नुभएको छ । तर, अझै पनि वीरगञ्ज महानगरका कर्मचारीलाई पैसा नदिई काम हुँदैन भन्ने आम गुनासो सुनिन्छ, किन ?**

जनप्रतिनिधि आउनुअघि त ब्रह्मलुट नै थियो । कर्मचारीलाई भ्रष्टाचारको बानी परिसकेको छ । त्यो सञ्जाल तोड्न त्यति सजिलो नहुने रहेछ । तर, धेरै हदसम्म तोडिएको छ । लागू गर्ने प्रमुख प्रशासकीय अधिकृतको हातमा छ । उनीहरूको भूमिका त्यति प्रभावकारी भएन । उनीहरूले हाम्रै थाप्लोमा हाल्ने काम गरे । महानगरमा कर्मचारी समायोजनपछि नयाँ र पुराना कर्मचारीबीचको द्वन्द्वको कुरा पनि थियो । अहिले भ्रष्टाचारको गुनासो कम भएको छ । यसमा जनताको पनि कमजोरी छ । किनकि उनीहरू कर्मचारीले दुःख दिएकोबारे जनप्रतिनिधिलाई भन्दैनन् ।

**स्थानीय सरकारमा जनताका प्रतिनिधि र कर्मचारीबीच तानातान किन भइरहेको छ ? तपाईं पनि कर्मचारीमाथि निकै दोषारोपण गर्नुहुन्छ नि ?**

गाउँपालिकादेखि महानगरपालिकासम्म एउटै ऐन छ, त्यसले हुँदैन । महानगर भनेको ठूलो हुन्छ, काम धेरै गर्नुपर्ने हुन्छ । गाउँपालिका तहबाट त हामी चल्न सक्दैनौं नि । आउने दिनमा यो संशोधन आवश्यक छ । कानूनले अहिले पनि हामीलाई प्रमुख प्रशासकीय अधिकृतको अधीनमा राखेको जस्तो छ । उनीहरू हाम्रो अधीनमा छैनन् । एक महीनासम्म हामीकहाँ प्रमुख प्रशासकीय अधिकृत नहुँदा कोरोनाकालमा काम रोकियो । मेयरलाई १ हजार पनि खर्च गर्ने अधिकार दिएको छैन । प्रत्यक्ष निर्वाचित भएकाले हामी कार्यकारी हुनुपर्ने हो । कर्मचारीतन्त्रले जनप्रतिनिधिलाई हात बाँध्ने उद्देश्यले यो कानून बनाइएको छ । हामी यसरी हात बाँधेर काम गर्न सक्दैनौं । आउँदा दिनहरू अझ बढी चुनौतीपूर्ण छन् । हामीले त जसोतसो काम गऱ्यौं । आउँदा दिनमा यो द्वन्द्वको कारण बन्न सक्दछ । फरकफरक राजनीतिक दलबाट आएको हुनाले मतान्तर हुन्छ । मैले त सबैलाई मिलाएर हिँडेको छु, अप्ठेरो छैन । सबैलाई यस्तो सहजता हुँदैन । कुरा नमिल्न सक्छ । त्यस्तो अवस्थामा मेयर र प्रमुख प्रशासकीय अधिकृत दुवैलाई अधिकार दिनुपर्दछ । हामी कार्यकारी हो, तर कानूनले कर्मचारीलाई कार्यकारी बनाइदिएको छ । प्रमुख प्रशासकीय अधिकृत संघको मान्छे होओस्, त्यसमा समस्या भएन । तर, त्यसमा स्थानीय मानिसलाई ल्याउनुपर्दछ । किनकि उसलाई काम गरेन भने स्थानीयले के भन्लान् भन्ने दबाब हुन्छ । बाहिरबाट आएका धेरैमा जागिर खानेमात्र ध्येय हुन्छ । कममात्र यस्ता व्यक्ति हुन्छन्, जसले जनप्रतिनिधिको काँधमा काँध मिलाएर काम गरेका छन् ।

**वीरगञ्जका अधिकांश ग्रामीण वडा छन् । त्यहाँ पूर्वाधारमा कसरी काम भएको छ ?**

वीरगञ्ज ३७ वर्ग किलोमिटरमा नयाँ १०० वर्गकिलोमिटर ग्रामीण क्षेत्र समावेश गरेर महानगर बनेको हो । अहिले प्रत्येक ग्रामीण वडालाई सडक सम्पर्कबाट मुख्य सडक सञ्जालमा जोड्न सफल भयौं । यसमा शहरी विकास मन्त्रायबाट पनि सहयोग आयो । केहीलाई पूर्णता दिँदै छौं । एडीबीसँग तेस्रो ४ अर्ब पैसा मागेको छु । त्यो त्यही ग्रामीण क्षेत्रका सडक, नाला र बत्तीका लागि हो ।

आउने ६ महीनामा ती योजना अघि बढ्छन् । वीरगञ्जको रेलवे, इनर र आउटर बाइपासजस्तै उता पनि बन्छन् । सिर्सिया खोला किनारलाई दुवैतिर बाँध हालेर वीरगञ्जको शुरुआतदेखि भन्सारसम्म सडक जोड्ने योजना बनाएका छौं । त्यहाँ बनाउने नालाबाट उद्योगको पानी ल्याएर प्रशोधन केन्द्रमा हाल्ने र सिर्सिया नदी सफा बनाउने योजना छ । यसमा १० अर्ब रुपैयाँ खर्च हुने अनुमान छ ।

**वीरगञ्जका सम्भावना पनि त होलान् नि ?**

वीरगञ्ज एकदमै सम्भावना भएको ठाउँ हो । अहिले वीरगञ्जले देशका लागि राजस्व दिएकै छ । भोलिको दिनमा वीरगञ्ज रोजगारी, उद्योग, व्यापार, पर्यटनको राम्रो हब हुन सक्छ । आर्थिक विकासमा टेवा दिन सक्छौं । हामीले आसपासका क्षेत्रलाई पनि समेट्न सकेका छैनौं । सबैभन्दा बढी आयात( निर्यात यहाँबाटै हुन्छ । वीरगञ्ज देशको मध्यभागको शहर हो । ७० प्रतिशत कार्गो आवागमन यहाँबाट हुन्छ । ढुवानी सस्तो पार्न सकिन्छ । यहाँको उत्पादन लागत सस्तो गर्न सकिन्छ । वीरगञ्जमा आईसीपी र ड्राइपोर्ट राजस्व संकलनका लागि मात्र बनाइयो । तर, पार्किङ, ट्रान्सपोर्ट नगरको बारेमा केही गरिएन । बाटो बनेको छ, ओभरहेड पुल छैन । यस्तोमा दुर्घटना हुन सक्छ । आईसीपी र ड्राइपोर्टमा वृक्षरोपण छैन । वायु प्रदूषणले त्यस क्षेत्रमा श्वासप्रश्वास र छालाको रोग बढेको छ ।

**यस्तो सम्भावनालाई वीरगञ्जले कसरी उपयोग गर्ने ?**

यहाँबाट ठूलो परिमाणमा राजस्व संघ सरकारमा जान्छ । राजस्वको केही प्रतिशत वीरगञ्जको बृहत् विकासका लागि आउनु पर्दछ । त्यसले व्यापार सहजीकरण पनि हुन्छ । अहिले त्यसका लागि दाता गुहार्नु परेको छ । जुन ढंगले काम हुनुपर्ने, त्यो भएको छैन । मैले एडीबीसँगको सहकार्यमा वीरगञ्जबाट १ घण्टाको दूरीका ठाउँलाई साधनस्रोतसँग जोडेर विकास गर्ने योजनामा पहल अघि बढाएको छु । आगामी वर्ष यो योजना अघि बढ्छ । केही दिनमा एडीबीको टोली आएर विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बनाउने योजना छ । व्यापार प्रदर्शनीस्थल, मण्डी, पर्यटन, सिम्रौनगढ(निजगढ(जगरनाथपुर( ठोरीसम्मको क्षेत्र समेटेर विभिन्न योजना ल्याउने र सबैको विकास हुनेगरी काम बढाउने योजना छ ।

**राम्रा र महत्वाकाँक्षी योजना प्रोजेक्ट बैंकमा राखिएको छ, किन ?**


महानगरको क्षमताभन्दा बढीको योजना संघ सरकारले गर्ने हो । हामीले लेखेर पठाइसकेका छौं । आउँदो बजेटले समेट्यो भने हामी गर्न सक्छौं । हाम्रो स्रोतसाधनले हुन सक्दैन । आन्तरिक स्रोत त्यति छैन । संघले दिने पैसा साधारण खर्चमा बढी जान्छ । यस्ता योजनाको डीपीआरमै २० देखि ५० लाख रुपैयाँ जान्छ । हामीसँग प्राविधिक पनि छैन । संघ सरकारले वीरगञ्ज बनाउन सहयोग गर्नुपर्दछ । यो १/ २ वर्षमा हुने काम होइन, १५/ २० वर्ष नै लाग्छ । हेरौं, संघले ती योजना समेट्छ कि समेट्दैन ।

**अन्त्यमा, वीरगञ्जका बासिन्दालाई के भन्न चाहनुहुन्छ ?**

विकास निर्माणका पूर्वाधारमा स्वामित्व लिने परिपाटीको कमी छ । बाटोमा गिटी र बालुवा थुपारेको हुन्छ । सडक पेटीमा फुटपाथ अतिक्रमण गरेको भेटिन्छ । फोहोर व्यवस्थापनका लागि ३६ हजार डष्टबिन बाँडेको छ । ट्र्याक्टरमा फाहोर हाल्दैनन्, जम्मा गरेर बीच बाटोमा फाल्छन् ।

अनि महानगरलाई गाली गरेको हुन्छ । फोहोर त महानगरले गरेको होइन नि । यो कुरामा सुधार आए वीरगञ्जलाई अझ राम्रो र सुन्दर बनाउन सकिन्छ । संरचनाको सही प्रयोग हुनु पर्दछ । त्यो भएन भने वीरगञ्ज कुरूप हुन सक्दछ । अर्को, स्थानीय चुनावमा राजनीतिक आग्रह मात्र हेर्नुहुँदैन । राम्रो मानिसलाई चुन्नु पर्दछ ।


वीरगञ्ज महानगरपालिका
नगर कार्यापालिकाको कार्यालय
वीरगञ्ज ,पर्सा



**हमनीसब के जिम्मेवारी, कोरोना भाइरस संक्रमणके रोकेवाला**

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँसके माध्यम से फईलेवाला संक्रमण ह ।
- संक्रमित भईल आदमी खोकला आ छिँकल समयमे निकलल थुक आ पोंटाके माध्यम से एक आदमी से दोसर आदमीमे ई भाइरस पाटेला आ फईलेला ।

**ई रोग से बँचे खातिर का करेके पडि ?**

- खोकेके आ छिँकेके समय नाक आ मुह निमनसे तोपेके आ प्रयोग कईल गईल टिसूपेपरके तुरुन्त फुहर बिगेवाला कुडादानी मे बिगेके ।
- समय समय मे साबुन पानीसे अच्छासे मलमल के हाथ धोवेके आ सेनिटाइजर हाथ मे लगावेके । केकरो से मिलल समय हाथ ना मिलावेके । मात्र प्रणाम आ नमस्कार करेके ।

**आ, काथि ना करेके ?**

- खोकी लागल आदमी से दुरी बनाके रहेके ।
- आ अपनहूके खोकी लागल बा त दोसरो आदमी से दुरी बना के रहेके ।
- भीडभाड मे नाजाएके आ दोसोरो लोगके भीडभाड भईल जगहा मे ना जाएला समुझावेके ।

**आ ध्यान देवेवाला बातसब :**

- बोखार लागला पर, खोकी अईलापर आ साँस लेवेमे दिकत भईला पर जल्दी नजदिकके स्वास्थ्य केन्द्रमे सम्पर्क करेम ।
- कोरोना भाइरस रोग के बारेमे आउरी जानकारी लेल पईसा ना लागेवाला टेलिफोन नं. १११५ मे फोन कर सकिने ।

वीरगञ्ज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगञ्ज ।



**क्याप्सन फोटो**

*भारतको कलकतामा आयोजित सार्क राष्ट्र कराँते प्रतियोगितामा सहभागी हुन जाँदै गरेका खेलाडीहरुलाई टिका र खाँदा लगाएर विदाई गर्दै नगरप्रमुख बिजय कुमार सरावगी*

# नगर प्रमुख सरावगी, समाज सेवामा अगाडी



वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख सरावगी सामाजिक कार्यमा निकै अगाडी छन् ।उनले महानगरपालिकाको बजेट बाहेक व्यक्तिगत आम्दानीबाट पनि सामाजिक कार्य गर्दै आएका छन् । व्यापारिक पृष्ठभूमि भएका नगर प्रमुख सरावगीले नगर प्रमुख हुनु अघि पनि सामाजिक कार्य गर्दै आएका थिए ।

वीरगञ्ज पिप्रा स्थित सिदार्थ माध्यमिक विद्यालयको अवस्था सुधार्नमा नगर प्रमुखको योगदान महत्वपूर्ण रहेको सरोकारवालाहरुले बताउने गरेका छन् । उनी उक्त विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष समेत भएका थिए । उनी सामाजिक कार्यमा आफूले आर्जन गरेको सम्पत्ति पनि खर्च गर्ने व्यक्तिको रुपमा परिचित छन् ।

नगर प्रमुखमा निर्वाचित भएपछि पनि उनले उक्त बानीलाई यथावत राखेका छन् ।

नगर प्रमुखसँग आश राख्ने नगरबासीलाई उनले निराश हुन नदिन हरदम प्रयत्न गर्ने गरेका छन् । यसै साता नगर प्रमुख सरवागी मुस्लिम समुदायको निमन्त्रणामा वडा नम्बर( २९ रतनपुर पुगे ।

मुस्लिमसमुदायको धार्मिक कार्यक्रम जलसामा सहभागी भए । स्थानीयले कब्रस्तान बनाउनकै लागि जलसाको आयोजना गरेका थिए । नगरप्रमुख सरावगीले व्यक्तिगत रुपमा १ लाख रुपैयाँ दिने घोषणा गरे ।

त्यसैगरि नगर प्रमुख सरावगीले अर्को एउटा धार्मिक कार्यका लागि ३ लाख ५० हजार रुपैयाँ सहयोग गरेका छन् ।

स्थानीयको निमन्त्रणामा नगर प्रमुख सरावगी वडा नं १० मा पुगेका थिए । उनले त्यहाँ स्थानीयसँग छलफल गरे । स्थानीयले कुमारी माई मन्दिरमा प्राण प्रतिष्ठा र भागवत महापुराण लगाउन लागेको बारे जानकारी गराए ।

नगर प्रमुख सरावगीले उक्त धार्मिक कार्यका लागि व्यक्तिगत रुपमा ३ लाख ५० हजार रुपैयाँ आर्थिक सहयोग गरेको नगर प्रमुखका स्वकिय सचिव पिण्टु उपाध्यायले जानकारी दिए ।

# नगर प्रमुख सरावगीद्वारा विद्यालय भवन उद्घाटन



वीरगञ्ज महानगरपालिका(१५ भिश्वामा विद्यालय भवनको उद्घाटन गरिएको छ । महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले विद्यालय भवनको उद्घाटन गरेका हुन् । वीरगञ्ज महानगरपालिकाको नगरस्तरीय बजेटबाट वडा नं १५ भिश्वामा रहेको नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा ६ कोठे पक्की भवन बनेको नगर प्रमुख सरावगीको स्वकीय सचिव पिन्टु उपाध्यायले जानकारी दिए ।

'विद्यालयमा कक्षा कोठाको क्षमता भन्दा बढी विद्यार्थी राख्नुपर्ने बाध्यता थियो ।' उनले भने ' स्कुल प्रशासन र स्थानीयले भवन निर्माणका लागि आग्रह गरेका थिए । नगर प्रमुख ज्यूले बजेटको व्यवस्था गर्नुभयो । भवन तयार भएको छ ।'

# नगर प्रमुख सरावगीले गरे जेष्ठ नागरिक पार्क को उद्घाटन

वीरगञ्ज महानगरपालिकाले निर्माण गरेको जेष्ठ नागरिक पार्कको उद्घाटन गरिएको छ । वीरगञ्ज वडा नम्बर १५ लक्ष्मणवामा निर्माण भएको पार्कको नगर प्रमुख विजय कुमार सरावगीले उद्घाटन गरेका हुन् । पार्क निर्माण सम्पन्न भईसकेको छ ।

मेयर सरावगी र वीरगञ्ज महानगरपीलका परिवारद्ववारा जेष्ठ नागरिकहरुलाई उपहार स्वरुप पार्क हस्तान्तरण गरिएको छ ।



जेष्ठ नागरिक संघ पर्साका अध्यक्ष एवं वरिष्ठ पत्रकार जगदीश शर्मा लगायत संघमा आवद्ध जेष्ठ नागरिकलाई पार्क हस्तान्तरण गरिएको थियो ।

पार्क को नाम नै 'जेष्ठ नागरिक पार्क' राखिएको नगर प्रमुख सरावगीका स्वकीय सचिव पिन्टु उपाध्यायले जानकारी दिए ।

# महायज्ञका लागि ५ लाख सहयोग



वीरगञ्ज महानगरपालिकाले वडा नम्बर १ छपकैयामा हुन लागेको ११ कुण्डिय रुद्र महायज्ञमा आर्थिक सहयोग गरेको छ ।

महानगरपालिकाको तर्फबाट यज्ञ सफल बनाउन ५ लाख रुपैयाँ आर्थिक सहयोग गरिएको हो ।

नगरप्रमुख बिजय कुमार सरावगीले आर्थिक सहयोगको चेक यज्ञ हस्तान्तरण गरेका थिए ।

# नरकटियागञ्ज बन्यो, प्रथम वीरगञ्ज महिला गोल्डकपको उपाधी विजेता

भारत बिहार नरकटियागञ्जको महिला फुटबल टिम, प्रथम वीरगञ्ज महिला गोल्डकप फुटबल प्रतियोगिताको उपाधी विजेता बनेको छ ।

आयोजक वीरगञ्ज युथ एकेडेमीलाई ४(० गोल अन्तरले पराजित गर्दै नरकटियागञ्जले उपाधी चुमेको हो ।

उपाधी विजेता बनेसँगै नगरकटियागञ्जले ३० हजार रुपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र पाएको छ भने उप विजेता वीरगञ्ज युथ एकेडेमीले १५ हजार रुपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र पाएको गोल्डकपका संयोजक ऋतु शाक्यले जानकारी दिए । विजेता टिम र खेलाडीहरुलाई वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले शिल्ड, मेडल, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरेका थिए ।

वीरगञ्जको नारायणी रंगशालामा भएको फाईनल खेलमा नरकटियागञ्जलाई उपाधी दिलाउन निषा कुमारी र लक्की कुमारीले २/२ गोल गरेका थिए ।

नरकटियागञ्जकी गोल्डी कुमारी प्रतियोगिताको उत्कृष्ट खेलाडी घोषित भईन् । वीरगञ्जकी अञ्जु ओली वेष्ट किपर, बिमला तामाङ वेष्ट डिफेन्स, नरकटियागञ्जकी पुजा कुमारी वेष्ट फरवार्ड र आंशु कुमारी वेष्ट मिड फिल्डर घोषित भईन् ।

आज भएको फाईनल खेलमा भने नरकटीयागञ्जकी वेष्ट किपर, लक्की कुमारी वेष्ट फरवार्ड, मुस्कान कुमारी वेष्ट डिफेन्स र वीरगञ्जकी सलिना सारु वेष्ट मिल्ड फिल्डर बन्न सफल भएको आयोजक वीरगञ्ज युथ एकेडेमीका सल्लाहकार हेमन्त चौरसियाले जानकारी दिए ।

बुधबार भएको खेलमा सिद्धबाबा युवा क्लबलाई ४(० गोल अन्तरले पराजित गर्दै नरकटियागञ्ज फाईनलमा प्रवेश गरेको थियो भने वीरगञ्ज युथ एकेडेमीले मंगलबार बागमती गाउँपालिका(४ फापरबारीलाई ३(० गोल अन्तरले हराउँदै फाईनलमा पुगेको थियो ।

चैत १ गतेदेखि जारी प्रतियोगितामा पर्सा, बारा, सर्लाही, मकवानपुर र बिहारका गरी ८ वटा टिम सहभागी भएका थिए ।

# कृत्रिम खुट्टा जडानमा ५ लाख सहयोग हस्तान्तरण



वीरगञ्ज महानगरपलिकाले अपांगता भएकाहरुलाई कृत्रिम खुट्टा लगाउन आर्थिक सहयोग गरेको छ ।

रोटरी क्लब अफ वीरगञ्जलाई आर्थिक सहयोग गरिएको हो ।

क्लबले आवश्यकता अनुसार अपांगता भएका मानिसहरुलाई कृत्रिम खुट्टा लगाईदिने गरेको छ । विपन्न नागरिकलाई निशुल्क खुट्टा लगाउन प्रयोग गर्ने गरि नगरपालिकाको तर्फबाट ५ लाख रुपैयाँ दिईएको नगर प्रमुख विजय कुमार सरावगीले जानकारी दिए ।

नगर प्रमुख सरावगीले आफ्नै कार्यकक्षमा रोटरी क्लब अफ वीरगञ्जलाई चेक हस्तान्तरण गरेका थिए ।

## के हो..........

उक्त खोप सामान्यतया शिशु जन्मिएको भोलिपल्टदेखि ३० दिनसम्म दिइन्छ । यसबाहेक क्षयरोग लाग्नै नदिन विभिन्न खोप विकासको प्रयास भएपनि त्यो सफल नभएको विवरणहरू सार्वजनिक भएका छन् ।

**कोभिडका कारण प्रभावित क्षयरोगविरुद्ध अभियान**

स्वास्थ्य मन्त्रालयले कोरोनाभाइरस महामारीले क्षयरोगविरुद्धको अभियानमा प्रतिकूल असर पुऱ्याएको जनाएको छ ।

क्षयरोग नियन्त्रण केन्द्रले पनि महामारीपछि क्षयरोगका लक्षणसहित रोग पहिचान गर्न आउने बिरामीहरूको सङ्ख्यामा कमी आएको जनाएको छ । त्यहाँका डा. शाहले भने,"मास्कको प्रयोग र सामाजिक दूरी कायम गर्नुले कोरोना भाइरससँगै टीबीको कीटाणु पनि नियन्त्रण गरेको विश्वास गरेका छौँ ।"

स्वास्थ्य मन्त्रालयले यस रोग रोकथामका लागि केही उपायहरू सुझाएको छः

मदिरा, लागूपदार्थ र सुर्तीजन्य पदार्थ सेवन नगर्ने

मानसिक तनाव कम गर्ने

सन्तुलित आहारको प्रयोग गर्ने

उचित मात्रामा व्यायाम गर्ने

समय समयमा छातीको एक्स(रे गराउने

दुई साताभन्दा बढी खोकी, ज्वरो आए वा अन्य लक्षण देखिए परीक्षण गराउने

शिशु जन्मनासाथ बीसीजी खोप लगाउने

नेपाल सरकारले सन् २०३५ सम्ममा क्षयरोगको अन्त्य र सन् २०५० सम्ममा पूर्ण निवारणको लक्ष्य लिएको छ ।

बिबिसी न्युज